# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०८०।०९।११ गते।

## प्रेस विज्ञप्ति

**विषय: आरोपपत्र दायर गरिएको।**

ईलाका प्रहरी कार्यालय बर्दघाट, नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम) का तत्कालीन कार्यालय प्रमुख प्रहरी निरीक्षक कपिल वाग्लेको मृत्युको घटनाको सम्बन्धमा नेपाल सरकार गृह मन्त्रालयद्वारा गठित तीन सदस्यीय छानबिन समितिको प्रतिवेदनको सुझावहरुमध्ये सादा पोशाकमा परिचालित प्रहरी जवान संजिव धवलले अवैध मोबाइलसहित गाडी लिई आउने व्यक्तिको बैंक खाताबाट आफ्नो खातामा रु.५५०००।- (पचपन्न हजार रुपैयाँ) रकमान्तर गर्न लगाएको देखिएकोले थप कारबाही हुन भन्ने गृह मन्त्रालयबाट प्राप्त प्रतिवेदनको सम्बन्धमा अनुसन्धान हुँदा **प्रहरी जवान संजिव धवलले** मिति २०७८।०४।२१ गते बेलुका अवैध मोबाइलसहितको गाडी लिई आउने अर्जुन प्रसाद शर्मा र इन्द्र लाल श्रेष्ठलाई प्रचलित कानूनबमोजिम कारबाहीको दायरामा ल्याउन प्रक्रिया अगाडि बढाउनुको सट्टा व्यक्तिगत लाभ प्राप्त गर्ने उदेश्यले अबैध सामान सहितको गाडी र निज व्यक्तिहरुलाई छुटाउनको लागि निजहरुबाट नगद रु.१,२०,०००।- (एक लाख बिस हजार रुपैयाँ) र बैंकिङ प्रणालीमार्फत रु.५५,०००।- (पचपन्न हजार रुपैयाँ) समेत गरी जम्मा रु.१,७५,०००।- (एक लाख पचहत्तर हजार रुपैयाँ) घुस/रिसवत लिएको देखिएकोले निज संजिव धवललाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को खण्ड (घ) बमोजिमको कसुरमा सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम जरिवाना हुन र घुस/रिसवतसमेत असुल हुन तथा दफा ३ को उपदफा (१) को खण्ड (घ) बमोजिम कैद सजाय हुन मागदाबी लिइएको छ।

साथै, **जिल्ला चितवन, भरतपुर महानगरपालिका, वडा नम्बर-८ स्थायी वतन भएका अर्जुन प्रसाद शर्मा र सोही महानगरपालिका, वडा नम्बर-२१ स्थायी वतन भएका इन्द्रलाल श्रेष्ठले** व्यक्तिगत लाभ प्राप्त गर्ने उद्देश्यले राष्ट्रसेवक प्रहरी कर्मचारीलाई प्रभावमा पारी अवैध मोबाइलसहितको गाडी छुटाउन र आफूहरु कानूनी कारवाही समेतबाट बच्नको लागि गैरकानूनी रुपमा नगद रु.१,२०,०००।- (एक लाख बीस हजार रुपैयाँ) तथा मोबाइल बैंकिङ्ग प्रणालीमार्फत रु.५५,०००।- (पचपन्न हजार रुपैयाँ) समेत गरी जम्मा रु.१,७५,०००।- (एक लाख पचहत्तर हजार रुपैयाँ) प्रहरी जवान संजिव धवललाई गैरकानूनी रुपमा घुस/रिसवत दिएकोले निजहरुउपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) बमोजिमको कसुरमा सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम जरिवाना र दफा ३ को उपदफा (१) को खण्ड (घ) बमोजिम कैद सजाय हुन मागदाबी लिई आज बिशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

प्रवक्ता
नरहरि घिमिरे